# त्रिभुवन विश्वविद्यालय

## संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम

## २०५०

(२०७७।६।१६ सम्मको संशोधन सहित)

## परिच्छेद – ८४
## विद्यार्थीहरूको आचारसंहिता

३५९. **ऐन र नियम पालन गर्नुपर्ने** : विद्यार्थीले ऐन, नियम, विश्वविद्यालयको आङ्गिक क्याम्पस वा कुनै सङ्गठन वा निकायको कार्यप्रणाली, निर्देशन, सूचना र परिपत्र आदि पालन गर्नुपर्नेछ ।

३६०. **शैक्षिक कार्यक्रममा सरिक हुनुपर्ने** : विश्वविद्यालयमा वा क्याम्पसमा भर्ना पाएका नियमित विद्यार्थीले सम्बन्धित शैक्षिक कार्यक्रममा तोकिएबमोजिम सरिक भई त्यसमा समुत्तीर्ण हुन अध्ययनरत एवम् प्रयत्नरत रहनुपर्नेछ ।

३६१. **विश्वविद्यालयलाई सहयोग गर्नुपर्नेः** आफू अध्ययनरत विश्वविद्यालयको गरिमा, प्रतिष्ठा र मर्यादाको अभिवृद्धिका लागि विद्यार्थीले सक्दो योगदान, सहयोग र सद्भावना राख्नुपर्छ ।

३६२. **पारस्परिक सम्बन्ध र सहयोग गर्नुपर्ने** : एक विद्यार्थीले अर्को विद्यार्थीमा सुसम्बन्ध, सद्व्यवहार, सहयोग, सद्भावना तथा शिष्टाचार जागृत गराउनुपर्छ ।

३६३. **विद्यार्थी अनुशासनमा रहनुपर्नेः** विश्वविद्यालयको हाता वा क्षेत्रभित्र र बाहिर विद्यार्थी अनुशासनमा रहनुपर्छ ।

३६४ **विद्यार्थीहरूले शिक्षक र पदाधिकारीलाई आदर गर्नुपर्नेः** विद्यार्थीहरूले पदाधिकारी, शिक्षक र कर्मचारीलाई आदरसूचक सम्बोधन र व्यवहार गर्नुपर्छ ।

३६५. **वास्तविक तथ्य प्रकाश गनुपर्ने** : विश्वविद्यालयमा भर्ना पाउन, कुनै छात्रवृत्ति, पदक वा सहुलियत वा अन्य कुनै अधिकार वा काम पाउन विद्यार्थीले आफ्नो जन्ममिति, जन्मस्थान, ठेगाना, शैक्षिक उपाधि वा अन्य कुरा ढाँट्नु वा लुकाउनु वा छिपाउनु वा झुटो विवरण दिनु वा अन्य यस्तै अवाञ्छनीय र अनुचित काम कुरा गर्नु गराउनु हुँदैन ।

३६६. **विश्वविद्यालयको हाताभित्र गर्न नहुने:** विद्यार्थीले विश्वविद्यालयको हाताभित्र देहायका काम कुरा गर्नु गराउनु हुँदैन:

(क) क्याम्पस प्रमुख वा अधिकारप्राप्त अधिकारीको पूर्वस्वीकृतिविना सार्वजनिक सभा, प्रदर्शनी, खेलकूद, नाचगान, नाटक, चलचित्र प्रदर्शन, सांस्कृतिक वा मनोरञ्जन कार्यक्रमको आयोजना वा सञ्चालन गर्नु गराउनु ,

(ख) कुनै घातक हातहतियार र अवाञ्छनीय वा निषेधित मालवस्तुसहित उपस्थित हुनु वा भेला गर्नुगराउनु ,

(ग) हूलहुज्जत, दवाव, प्रभाव, जबर्जस्ती, तोडफोड, अश्लील, इशारा र कुटपीट, हरहमाला, गालीगलोज, अभद्र व्यवहार र घेराउ गर्नु गराउनु ,

(घ) शैक्षिक र प्राज्ञिक वातावरणमा अस्वस्थता वा प्रतिकूलता ल्याउनु वा ल्याउन लगाउनु ,

(ङ) फोहोरमैला र अन्य दूषित काम गर्नु गराउनु ,

(च) निषेधित क्षेत्रमा प्रवेश गर्नु गराउनु र

(छ) विश्वविद्यालयको क्याम्पस वा कुनै सङ्गठन वा निकायको प्रमुखबाट निषेधित भनी तोकिएको अन्य काम गर्नु गराउनु ।

३६७. **क्याम्पसको कक्षा र प्रयोगशाला आदिमा सम्मिलित हुन नपाउने :** एक क्याम्पस वा शिक्षण संस्थामा भर्ना लिई वा नलिई विनास्वीकृति कुनै विद्यार्थी वा व्यक्तिले पनि अर्को कुनै क्याम्पसमा अध्ययन वा अभ्यास आदिका लागि सम्मिलित हुनु हुँदैन ।

३६८. **विश्वविद्यालयको सम्पत्तिमा हानि-नोक्सानी पुऱ्याउनु नहुने :** विद्यार्थीले विश्वविद्यालय वा त्यसको कुनै सङ्गठन वा निकायको भवन, फर्निचर, पुस्तक, पुस्तिका, सामाग्री, यन्त्र, उपकरण, औजार, मालवस्तुलगायत गैरअचल एवम् चल सम्पत्तिको हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गर्नु गराउनु हुँदैन ।

३६९. **विश्वविद्यालयका पदाधिकारी तथा शिक्षक कर्मचारीलाई अनुचित दवाब दिनु नहुने :** कुनै पदधिकारी वा शिक्षक वा कर्मचारी वा विद्यार्थी वा अन्य कुनै व्यक्तिलाई मानसिक वा शारीरिक कष्ट दिने मनसायले कुनै अनुचित काम कुरा गर्नु गराउनु हुँदैन ।

३७०. **अनुमतिबेगर कक्षा प्रवेश गर्न र छोड्न नहुने :** शिक्षकले प्राध्यापन वा मार्गदर्शन वा निर्देशन दिइरहेको कक्षा, प्रयोगशाला वा अन्य कुनै स्थानमा निजको अनुमति नलिई विद्यार्थीले प्रवेश गर्नु वा त्यहाँबाट निस्कनु हुँदैन ।

३७१. **शुल्क वा अन्य अतिरिक्त रकम समयभित्रै तिर्नुपर्ने :** विश्वविद्यालय, त्यसको क्याम्पस वा अन्य कुनै निकायले

लगाएको शुल्क वा अन्य रकम सम्बन्धित विद्यार्थीले तोकिएको म्यादभित्र नियमित रूपले तिर्नुपर्छ ।

३७२. **परिचयपत्र साथमा राख्नुपर्नेः** विद्यार्थीले विश्वविद्यालयको क्याम्पस वा कुनै सङ्गठन वा निकायमा प्रवेश गर्दा वा रहँदाको समयमा आफ्नो परिचयपत्र आफूसाथै राख्ने गर्नुपर्छ । विश्वविद्यालयको कुनै सङ्गठन वा निकायले विद्यार्थीका लागि कुनै किसिमको पोसाक लगाउन तोकिएको रहेछ भने सो पोसाकमा क्याम्पस वा कक्षा प्रवेश गर्नुपर्नेछ ।

३७३. **पुस्तकलगायत अन्य बक्यौता बुझाउनु पर्नेः** क्याम्पस वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायमा आफ्नो अध्ययन वा सत्र वा अवधि समाप्त भएपछि विद्यार्थीले आफूले पुस्तकालयबाट लिइराखेको पुस्तक वा अन्य वस्तु वा बुझाउन बाँकी रहेको रकम वा अन्य बक्यौता तोकिएको म्यादभित्र बुझाउनुपर्छ ।

# परिच्छेद - ८५
# आचार संहितासम्बन्धी कारबाही र सजाय

३७४. **कारबाही र सजाय** : (१) यस नियमको परिच्छेद ८४ मा उल्लिखित कुनै आचार संहिता र विश्वविद्यालयको अन्य नियम र कार्यप्रणली कुनै विद्यार्थीले उल्लङ्घन गरेमा उल्लङ्घन गरेको आचारसंहिताको प्रकृति, किसिम र मात्रा हेरी त्यस्ता उल्लङ्घनकर्ता विद्यार्थीलाई अन्यथा लेखिएकोमा बाहेक कारबाही गरी देहायको कुनै एक वा सोभन्दा बढी सजाय दिन सकिनेछ ।

(क) चेतावनी,

(ख) लिखित नसिहत,

(ग) हानि-नोक्सानी वा क्षतिपूर्तिको पूरै वा आंशिक रकम,

(घ) बढीमा १५ दिनसम्म कक्षा वा प्रयोगशाला समेतबाट निलम्बन,

(ङ) कुनै निर्धारित समयका लागि क्याम्पस वा विभागबाट निष्कासन,

(च) क्याम्पस वा विभागमा निश्चित अवधिका लागि भविष्यमा शैक्षिक कार्यक्रममा प्रवेशका लागि रोक्का र

(छ) विश्वविद्यालयमा कुनै निश्चित अवधिका लागि अध्ययन गर्न नपाउने गरी निष्कासन ।

(२) उपनियम १ को खण्ड (छ) बाहेक अन्य उल्लिखित सजाय गर्ने अधिकार सम्बन्धित विद्यार्थी दर्ता भएको वा अध्ययनरत क्याम्पस वा विभाग वा विश्वविद्यालयको कुनै सङ्गठन वा निकायको प्रमुखलाई हुनेछ ।

(३)[T] उपनियम (१) को खण्ड (छ) को सजाय दिनुपरेमा उपनियम (२) मा तोकिएको पदाधिकारी वा अधिकारीको सिफारिसमा कार्यकारी परिषद्ले गर्न सक्नेछ ।

(४) उपनियम (१)मा उल्लिखित "कारबाही" को प्रक्रिया वा तरिका उपनियम (२) र (३) मा तोकिएको पदाधिकारी वा अधिकारी आफैले तोक्न वा व्यवस्थित गर्न सक्नेछ ।

३७५. **कार्यप्रणाली वा सूचना प्रकाशित गर्न सक्ने :** यस नियमको परिच्छेद ८४ मा जुनसुकै कुरा लेखिएको भए तापनि क्याम्पस प्रमुख वा प्रिन्सिपल वा विभागीय प्रमुख वा सम्बन्धित पदाधिकारी वा अधिकारीले विद्यार्थीले पालन गर्नुपर्ने थप आचारसंहिता वा पालन गर्नुपर्ने सर्तका सम्बन्धमा कार्यप्रणाली वा सूचना जारी गर्न सक्नेछ । त्यस्तो सूचनामा उल्लिखित आचार संहिता वा शर्त उल्लङ्घन गर्ने विद्यार्थीमाथि यसै नियमको परिच्छेद ८५ मा उल्लिखित सजाय दिन सकिनेछ र त्यस्तो सजाय दिन पाउने अधिकारी सोही परिच्छेद ८५ मा उल्लेख भएबमोजिम हुनेछ ।

---

[T] २०५६ पौष ३० गते बसेको त्रि. वि. सभाको बैठकबाट संशोधन